# नेपाल दूरसञ्चार प्राधिकरण

## जमल, काठमाडौं

# प्रेस विज्ञप्ति

सम्वत् २०८३ भदौ १० गते बुधबार बिहान भोटेकोशी-त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायतका जिल्लाहरूमा पुगेको ठूलो मानवीय तथा भौतिक क्षतिप्रति नेपाल दूरसञ्चार प्राधिकरण गहिरो दुःख व्यक्त गर्दछ। यस दुखद घडीमा विपत्तीमा परी ज्यान गुमाउनुहुनेहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो संवेदना प्रकट गर्दछौ | साथै बाढी पिडितहरु प्रति गहिरो सहानुभूती प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थलाभको कामना पनि गर्दछौ |

उक्त बिपत्तीवाट प्रभावित जिल्लाका दूरसंचार पूर्वाधार तथा संरचनामा समेत क्षती भई दूरसंचार सेवा प्रभावित भएकोमा विपत्तिको पहिलो दिनदेखि नै यस नेपाल दूरसंचार प्राधिकरणले दूरसञ्चार सेवा प्रदायक संस्थाहरुसँग निरन्तर सम्पर्क, समन्वय तथा सहजीकरण गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA), सूचना तथा संचार मन्त्रालय तथा सुरक्षा निकायसंगको समेत आवश्यक समन्वयमा अथक प्रयास गरी दूरसंचार पूर्वाधार मर्मत तथा प्रभावित सेवा पूनः सूचारू गरी सञ्चालनका लागि तपशिल बमोजिमका कार्यहरू गरिएको छ | साथै बाढी प्रभावित क्षेत्रमा दूरसञ्चार मोवाइल वा इन्टरनेट सेवामा कुनै समस्या भएमा सम्बन्धित दूरसंचार सेवा प्रदायक, यस प्राधिकरण वा DEOC को हटलाइन १२३४ मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिएको छ |

तपशिलः

### १. मोबाइल टावर मर्मत तथा सेवा पूनःसञ्चालन

- **नेपाल टेलिकमः** प्रभावित जिल्लाहरूका १२० वटा मोवाइलका टावरहरु मध्ये ११६ वटा टावर पूनः सञ्चालनमा ल्याई अधिकांश स्थानमा मोवाइल दूरसंचार सेवा सुचारु भएको छ ।
- **एनसेलः** प्रभावित जिल्लाहरुका ७८ वटा टावरमध्ये ७६ वटा मोवाइलका टावरहरु सञ्चालनमा ल्याई अधिकांश स्थानमा मोवाइल दूरसञ्चार सेवा सुचारु भएको छ।
- **इन्धन ढुवानी सहजीकरणः** विद्युत् प्रसारण लाइन अवरुद्ध भएका स्थानमा जेनेरेटर सञ्चालनका लागि NDRRMA, जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायसँग समन्वय गरी इन्धन ढुवानीको व्यवस्था मिलाइएको छ।
- **दूरसञ्चार सेवा प्रवाहः** पुनर्स्थापना गरिएको मोबाइल टावरबाट अधिकांश स्थानमा मोवाइलको coverage भई अत्यावश्यक दूरसञ्चार सेवा प्रवाह हुने गरी व्यवस्था गरिएको छ।

## २. आपत्कालीन दूरसञ्चार तथा स्याटेलाइट सेवा

- **स्याटेलाइट फोनः** अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (ITU) बाट प्राप्त २० थान र एनसेलबाट १० थान गरी **कुल ३० थान स्याटेलाइट फोन** NDRRMA लाई हस्तान्तरण गरी सञ्चालनमा ल्याइएको छ।
- **LEO Satellite Internet Terminal:** एनसेल (२५ थान) र डिसहोम (४ थान) मार्फत आयातित २९ थान भूउपग्रह इन्टरनेट टर्मिनल रसुवा र नुवाकोटका जिल्ला प्रशासन कार्यालयहरूमार्फत प्रयोग गर्ने गरी व्यवस्था मिलाईएको छ।
- **DEOC हटलाइन विस्तारः** रसुवा र नुवाकोटका जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (DEOC) को हटलाइन नम्बर **१२३४** मा क्रमशः २ र १ लाइन थप गरी सूचना तथा गुनासो प्राप्त गर्न सहजीकरण गरिएको छ।

## ३. भौतिक क्षति तथा पुनर्स्थापना

- **अनुमानित क्षतिः** हालसम्म प्राप्त प्रारम्भिक जानकारी अनुसार दूरसञ्चार पूर्वाधारतर्फ करिब रु. ४५ करोड बराबरको क्षति भएको छ।
- **क्षतिको विवरण संकलनः** दूरसंचार पूर्वाधार/संरचनामा पुगेको क्षतिको विस्तृत विवरण सङ्कलन गर्न सम्वद्ध दूरसंचार सेवा प्रदायकहरूवाट विवरण सङ्कलन गर्ने कार्य भैरहेको छ | दूरसंचार पूर्वाधार/संरचनाको यथाशिघ्र पुनर्स्थापना व्यवस्था मिलाइनेछ।

## ४. जनहितमा जारी अपिल तथा सचेतना

- **SMS तथा CRBT वाट सूचना प्रवाह** : बाढीवाट उत्पन्न बिपत सम्वन्धी संदेश/सूचना एवं खोज तथा उद्धारकार्यमा सहयोगी संदेश/सूचना मोवाइल सेवा प्रदायकहरुमार्फत सम्वद्ध मोवाइल प्रयोगकर्ताहरुमा SMS तथा CRBT मार्फत प्रवाह गरिएको |
- **संवेदनशील सामग्री पोस्ट नगर्न अपिलः** विनाशकारी बाढी-पहिरोले ज्यान गुमाएका ब्यक्तीहरुको, घाइतेहरुको हृदयविदारक, विभत्स वा मानवीय वा मानवीय सम्बेदनशिलतामा आघात पुर्याउने, बिचलित गर्ने खालका फोटो भिडियो लगायतका सामाग्रीहरु सामाजिक संजाल, वेबसाइटमा पोस्ट हुँदा यसले आम नागरिकहरु मानव स्वास्थमा आघात पुर्याउने र बाढी पिडितका आफन्त र परिवारजनलाई झन् विक्षिप्त पार्ने भएकोले त्यस्तो कार्य नगर्न सबै मोबाइल प्रयोगकर्ताहरूलाई सूचना प्रवाह गरिएको ।
- **वित्तीय ठगीबाट सावधानः** प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष वा राहत कोषका नाममा नक्कली QR Code र अनधिकृत लिङ्कमार्फत हुन सक्ने ठगीबाट सचेत रहन/बचन र आधिकारिक खातामा मात्र रकम पठाउन सवै मोवाइल सेवा प्रयोगकर्ताहरुमा सूचना प्रवाह गरिएको ।

**५. बाढी पीडितको सहयोगार्थ रकम जम्मा गरिने सम्बन्धमा**

यस विपदको घडीमा बाढीवाट उत्पन्न बिपत व्यवस्थापनको लागि यस नेपाल दूरसंचार प्राधिकरणको तर्फवाट सहयोग स्वरूप रु १५ करोड रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय भएको छ । साथै बाढीवाट उत्पन्न बिपत व्यवस्थापनको लागि यथाशक्य सहयोग गर्न दूरसंचार सेवा प्रदायकहरुलाई आग्रह गर्ने निर्णय समेत भएको छ ।

मिन प्रसाद अर्याल

**प्रवक्ता**

नेपाल दूरसञ्चार प्राधिकरण

२०८३/०५/१९